आज मिति २०८३ बैशाख ०४ गते विहान ८.०० बजे यस बेनीघाट रोराङ गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर थपलिया (विवेक) ज्यूको अध्यक्षतामा बेनीघाट रोराङ गाउँपालिका कार्यपालिकाको बैठक वसि निम्न निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण बहादुर थपलिया (विवेक) |
| २. | उपाध्यक्ष | श्री टाप बहादुर श्रेष्ठ |
| ३. | वडा अध्यक्ष | श्री जिवन सिं तामाङ |
| ४. | वडा अध्यक्ष | श्री हेमराज भुजेल |
| ५. | वडा अध्यक्ष | श्री भुवन त्रिपाठी |
| ६. | वडा अध्यक्ष | श्री राजु बहादुर मगर |
| ७. | वडा अध्यक्ष | श्री रोशन कुमार सिलवाल |
| ८. | वडा अध्यक्ष | श्री टेकनाथ सिल्वाल |
| ९. | वडा अध्यक्ष | श्री कुमार वस्नेत |
| १०. | वडा अध्यक्ष | श्री राज कुमार श्रेष्ठ |
| ११. | वडा अध्यक्ष | श्री देवि बहादुर खड्का |
| १२. | वडा अध्यक्ष | श्री विकास चेपाङ |
| १३. | कार्यपालिका सदस्य | श्री इन्दिरा कडेल |
| १४. | कार्यपालिका सदस्य | श्री पुष बहादुर वि.क. |
| १५. | कार्यपालिका सदस्य | श्री विन्दा मगराती |
| १६. | कार्यपालिका सदस्य | श्री भिम बहादुर प्रजा |
| १७. | कार्यपालिका सदस्य | श्री राम मायाँ चेपाङ |
| १८. | कार्यपालिका सदस्य | श्री सुन्तली मायाँ तामाङ |
| १९. | सदस्य सचिव (प्र.प्र.अ.) | श्री रामबाबु पौडेल |

आमन्त्रित

| | |
|---|---|
| १. शिक्षा अधिकृत | श्री बोधराज पाठक |
| २. शाखा अधिकृत | श्री परशुराम घिमिरे |
| ३. इन्जिनियर | श्री प्रकाश सिलवाल |
| ४. लेखापाल | श्री डिल्लीराम शर्मा |

निर्णय नं. १
गाउँ कार्यपालिकाको यस अघिका बैठकमा भएका निर्णयहरुको समीक्षा गरियो । कार्यान्वयन नभएका निर्णयहरु कार्यान्वयनका लागि कार्यपालिका कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।

निर्णय नं. २
यस बेनिघाट रोराङ गाँउपालिकाको कार्यालय र श्री गाउँ शिक्षा समिति बेनिघाट रोराङ **समेतलाई विपक्षी बनाई** श्री हर्कपुर मा.वि., बेनीघाट रोराङ गाउँपालिका वडा नं. ४ हर्कपुरमा कार्यरत प्राथमिक तृतीय श्रेणीको स्थायी शिक्षक ऐ. गाउँपालिका साविक वडा नं. २ हाल परिवर्तित वडा नं.३ तल्लो कात्राक धादिङ बस्ने वर्ष ४६ को श्री राम बहादुर बराम वारेस का.जि.चन्द्रागिरि नगरपालिका वडा नं.६ मातातिर्थ बस्ने बर्ष ३९ को अधिवक्ता सावित्रा पाण्डले त्यस सम्मानित **प्रशासकीय अदालतमा दरबन्दी र पद रिक्त नरहेको विद्यालयमा गरिएको गैरकानुनी सरुवा बदर सम्बन्धी (पु.वे.नं.०८२-AC-०००१)** मुद्दाका पुनरावेदनपत्र दायर गरेको सम्वन्धमा सम्मानित अदालतबाट प्राप्त म्याद बुझी जानकारी हुन आएकोमा उक्त मुद्दामा **बेनिघाट रोराङ गाँउपालिकाको कार्यालय र श्री गाउँ शिक्षा समिति बेनिघाट रोराङ**को तर्फबाट लिखित जवाफ लगाउने, अन्तरिम आदेश छलफलमा सहभागी हुन, तारिखमा रहने लगायत प्रस्तुत मुद्दाको अन्तिम किनारा नहुँदासम्म मुद्दामा जे जो गर्नु पर्ने हो सम्पूर्ण काम गर्नका लागि आत्मराम सापकोटाको नातिनी, लिला प्रसाद सापकोटाको छोरी सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी नगरपालिका वडा नं.४ बस्ने वर्ष ४१ को कानून व्यवसायी **अधिवक्ता दीपा सापकोटा** (ना.प्र.नं.२४१०४६/६६५३, सिन्धुपाल्चोक) लाई अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं. ३
यस बेनीघाट रोराङ गाउँपालिका गाउँ कार्यपालिका तथा वडा कार्यालयहरुबाट चालु आ.व. को तेस्रो त्रैमासिक सम्ममा सम्पादन भएका योजना तथा कार्यक्रम र सेवा प्रवाहका सम्वन्धमा समीक्षा गरियो । यस अवधिमा सेवा प्रवाह सन्तोषजनक रहेको र योजना तथा कार्यक्रमको भौतिक प्रगति कम देखिएकोले प्रगति सुधारका लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. ४
यस बेनीघाट रोराङ गाउँपालिका वडा नं. ९ निवासी आइतराम चेपाङको घर विपदको कारण क्षति भएको जनाई सहयोग माग भएकोले निजलाई ५ पाता ९फिटे जस्तापाता उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५
यस बेनीघाट रोराङ गाउँपालिकालाई बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकामा समावेश ५१ सूचक सहित थप सूचकहरु पूर्ण रुपमा कार्यान्वयन गर्ने त्यसका लागि आवश्यक बजेट ब्यवस्थापन तथा कार्य योजना निर्माण गर्ने निर्णय गरियो ।

बेनीघाट रोराङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बिशालटार, धादिङ